संघीय संसद्
राष्ट्रिय सभा
विधायन व्यवस्थापन समिति

प्रतिनिधि सभामा उत्पत्ति भएको

स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८३ सम्बन्धी प्रतिवेदन

स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८३ (यसपछि विधेयक भनिएको) को,-

१. दफा २ अन्तर्गत वी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ११ग. को उपदफा (१) मा रहेका "उपकुलपतिको सिफारिसमा" भन्ने शब्दहरु र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरुको सट्टा "कार्यकारिणी समितिले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरु राखे ।

२. दफा ३ अन्तर्गत चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा १९ को उपदफा (१) मा रहेका "उपकुलपतिको सिफारिसमा" भन्ने शब्दहरु र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरुको सट्टा "कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरु राखे ।

३. दफा ४ अन्तर्गत पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को,-

(१) दफा २१ को उपदफा (१) र दफा २२ को उपदफा (१) मा रहेका "उपकुलपतिको सिफारिसमा" भन्ने शब्दहरु र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरुको सट्टा "कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरु राखे ।

(२) दफा २३ को उपदफा (१) र दफा २४ को उपदफा (१) मा रहेको "उपकुलपतिले" भन्ने शब्द र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले" भन्ने शब्दहरुको सट्टा "कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले" भन्ने शब्दहरु राखे ।

४. दफा ५ अन्तर्गत कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को,-

(१) दफा २१ को उपदफा (१) र दफा २२ को उपदफा (१) मा रहेका "उपकुलपतिको सिफारिसमा" भन्ने शब्दहरु र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरुको सट्टा "कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरु राख्ने ।

(२) दफा २३ को उपदफा (१) मा रहेको "उपकुलपतिले" भन्ने शब्द र दफा २४ को उपदफा (१) मा रहेका "उपकुलपतिले रजिष्ट्रारको सिफारिसमा" भन्ने शब्दहरु र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले" भन्ने शब्दहरुको सट्टा "कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले" भन्ने शब्दहरु राख्ने।

५. दफा ७ अन्तर्गत रासि स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को,-

(१) दफा २० को उपदफा (१) र दफा २१ को उपदफा (१) मा रहेका "उपकुलपतिको सिफारिसमा" भन्ने शब्दहरु र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरुको सट्टा "कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम" भन्ने शब्दहरु राख्ने ।

(२) दफा २२ को उपदफा (१) मा रहेको "उपकुलपतिले" भन्ने शब्द र दफा २३ को उपदफा (१) मा रहेका "उपकुलपतिले रजिष्टारको सिफारिसमा" भन्ने शब्दहरु र माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीले संशोधन स्वीकार गरी प्रतिनिधि सभाबाट पारित भई कायम भएका "मन्त्रालयले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले" भन्ने शब्दहरुको सट्टा "कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले" भन्ने शब्दहरु राख्ने।

(झलक शर्मा सापकोटा)
सचिव

(कृष्ण बहादुर रोकाया)
सभापति

मितिः २०८३/०३/२४